आज मिति २०७५।०४।३१ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगरप्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बोर्ड बैठक तपशिलको उपस्थितिमा बसियो ।

तपशिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोदितमान तामाङ - अध्यक्ष वडा नं-१
४. श्री सन्तोष खुवदी - ,, ,, २
५. श्री पर्शुराम राई - ,, ,, ३
६. श्री चरण कुमार राई - ,, ,, ४
७. श्री देवनारायण चौधरी - ,, ,, ५
८. श्री कमलध्वज राई - ,, ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ,, ७
१०. श्री श्याम बहादुर मगर - ,, ,, ८
११. श्री प्रकाश राउत - ,, ,, ९
१२. श्री राम कुमार खड्का - ,, ,, १०
१३. श्री देवी कार्की - न.का.स.
१४. श्री जानुका कमर - न.का.स.
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री डोमा शेर्पा - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमीला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,

प्रस्तावहरु

१. अव्यवस्थित बसोबासी तथा नदि उकास जग्गा सम्बन्धमा ।
२. आ.व. २०७४।०७५ को आ.लो.प. सम्बन्धमा ।
३. यस अन्तर्गतका विद्यालयहरुको आ.व. ०७४।०७५ को लो.प. सम्बन्धमा
४. वडा भवन सम्बन्धमा ।

५, सक्सन मेशिनको शुल्क सम्बन्धमा ।
६, I.T. Officer को तलब थप सम्बन्धमा ।
७, सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।
८, सहकारीहरूको लेखापरिक्षण सम्बन्धमा
९, बजार अनुगमन सम्बन्धमा ।
१०, स्थानीय दररेट सम्बन्धमा ।

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस न.पा. भित्र - विभिन्न प्रकृतिको अव्यवस्थित बसोवास भएका बस्ति तथा खेतियोग्य जमिनहरू भएको साथै त्रियुगा लगायत का नदिहरूले नम्बरी जग्गा कटान गरि बगरमा परिणत भएको कारण सो बाट विस्थापित अव्यवस्थित बसोबासी लगायतको समस्याहरूको सम्बन्धमा प्रदेश तथा संघीय सरकारमा डेलीकेशन जाने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नम्बर २ माथि छलफल गर्दा गत आ.व.२०७४/०७५ को आन्तरीक लेखा परीक्षण कोष तथा लेखा — नियन्त्रक कार्यालय उदयपुर बाट गराउने र सो कोलागि लेखी पठाउने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा यस न.पा. अन्तर्गतका विद्यालयहरूको आ.व.२०७४/०७५ को लेखा परीक्षणको लागि नियमानुसार सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा यस न.पा.का आफ्नो वडा कार्यालय नभएका ५ वटा वडाहरू वडा नं. २,३,६, ७ र ९ को वडा कार्यालय भवन ठेक्का मार्फत निर्माणको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं ५ माथि छलफल गर्दा सक्शन मेशिन बाट प्रति लिटर रु.०.७५ रुपैयाका दरले कर लिने —

नि.नं.६ प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम कार्यक्रम समन्वय इकाई बबरमहल, काठमाडौं (LGCDP-II/TSNUP) को च.नं. ४८६ मिति २०७२।२।२८ गतेको पत्र बाट तोकिआए अनुसार यस न.पा.को I.T. officer को २५% तलब को व्यवस्था सहित तोकिएको समय सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

नि.नं.७ प्रस्ताव ७ माथि छलफल गर्दा यस न.पा.को नगर सभाबाट सामाजिक सुरक्षा भत्ता सम्बन्धीत लाभग्राही हरुको घरघर, हातहातमा वितरण गर्ने व्यवस्था मिलाउने निर्णय भए बमोजिम उक्त सा.सु. भत्ता वितरणलाई अझ प्रभावकारी एवं पारदर्शी बनाउन को लागि वडा अध्यक्ष र वडा सचिवको संयुक्त नाममा खाता खोली उक्त खातामा सा.सु. रकम पठाई लाभ ग्राही हरुको घरघरै, हातहातै सा.सु. रकम वितरण गर्ने निर्णय गरियो।

नि.नं.८ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा यस नगर क्षेत्रका सहकारीहरुको गत आ.व. २०७४।०७५ को लेखापरीक्षण २०७५ असोज मसान्त सम्ममा गराई सक्ने गरी सूचना प्रकाशन गर्ने साथै अडिटरको लागि अनुमति।सिफारिस दिने निर्णय गरियो।

नि.नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा यस न.पा. क्षेत्रका सबै बजारहरुको अनुगमन गर्ने र उक्त अनुगमन मा सम्बन्धीत बजारका वडा अध्यक्ष लगायत सबै जनप्रतिनिधिहरु सहित यस न.पा.को बजार अनुगमन निर्देशिका २०७४ बमोजिम अनुगमन गर्ने निर्णय गरियो।

नि.नं.१० प्रस्ताव नम्बर १० माथि छलफल गर्दा यस न.पा.को स्थानीय न्यूनतम ज्याला तथा दररेट २०७५ स्वीकृत गर्ने निर्णय गरियो।